# नेपाल नागरिक उड्डयन प्राधिकरण

## खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति सम्वन्धी सूचना

### (लिखित परीक्षा संचालन लोक सेवा आयोगवाट हुनेछ)

(प्रथम पटक प्रकाशित मिति २०७३/११/०९)

नेपाल नागरिक उड्डयन प्राधिकरण प्रधान कार्यालय वा अन्तर्गतका कार्यालयहरुमा रिक्त रहेका तपसिल वमोजिमका दरवन्दीमा लोक सेवा आयोगको प.स. ०७३।७४ च.नं. ३३९ मिति २०७३।११।८ को पत्रवाट प्राप्त सहमति अनुसार विगत आ.व.मा खुल्ला तथा समावेशीतर्फ पदपूर्ति हुन नसकेका र आ.व. २०७२/०७३ मा रिक्त भएका पदहरु समेत खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता भएका उम्मेदवारहरुले प्राधिकरणद्वारा स्वीकृत दरखास्त फाराम भरी प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन र दोब्बर दस्तुर तिरी थप ७ (सात) दिनभित्र रीतपूर्वकको दरखास्त फाराम पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

| विज्ञापन नं. | पद | तह | सेवा | समूह | उप समूह | जम्मा संख्या | खुला तथा समावेशी | माग पद संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|
| ६०/०७३/७४ | उपनिर्देशक | १० | प्रा. | इलेक्ट्रिकल इन्जिनियरिङ्ग | - | २ | खुला<br>महिला | १<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण |
| ६१/०७३/७४ | प्रवन्धक | ९ | प्रा. | एयर ट्राफिक सर्भिसेज् | - | १ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण र प्राधिकरणबाट मान्यता प्राप्त संस्थाबाट एकै चरण वा दुई चरणमा गरी कम्तिमा एक वर्ष अवधिको आधारभूत एयर ट्राफिक सर्भिसेस तालीम प्राप्त। |
| ६२/०७३/७४ | प्रवन्धक | ९ | प्रा. | इलेक्टोनिक एण्ड टेलिकम्यूनिकेशन इन्जिनियरिङ्ग | - | १ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रोनिक्स/ईलेक्ट्रोनिक्स एण्ड टेलिकम्यूनिकेशन ईन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण वा मान्यताप्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातकोत्तर तह उत्तीण र प्राधिकरणबाट मान्यताप्राप्त संस्थाबाट कम्तीमा १ बर्षको एरोनटिकल रेडियो मेन्टिनेन्स तालीमा प्राप्त। |
| ६३/०७३/७४ | प्रबन्धक | ९ | प्रा. | एरोनटिकल इन्जिनियरिङ्ग | - | २ | खुला<br>महिला | १<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एरोनटिकल ईन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण। |
| ६४/०७३/७४ | प्रबन्धक | ९ | प्र. | प्रशासन | व्यापार प्रशासन | १ | महिला | १ | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यापार प्रशासन वा वाणिज्यशास्त्र वा अर्थशास्त्र मूल विषय लिई स्नातकोत्तर उत्तीर्ण। |
| ६५/०७३/७४ | प्रबन्धक | ९ | प्र. | आर्थिक प्रशासन | चार्टर्ड एकाउन्टेण्ट | २ | खुला<br>महिला | १<br>१ | मान्यताप्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउन्टेण्ट वा सो सरहको डिग्री प्राप्त। |
| ६६/०७३/७४ | उप प्रबन्धक | ८ | प्रा. | एयर ट्राफिक सर्भिसेज् | - | ४ | खुला<br>महिला<br>आ.ज. | २<br>१<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण र प्राधिकरणबाट मान्यता प्राप्त संस्थाबाट एकै चरण वा दुई चरणमा गरी कम्तिमा एक वर्ष अवधिको आधारभूत एयर ट्राफिक सर्भिसेज तालीम प्राप्त। |
| ६७/०७३/७४ | उप प्रबन्धक | ८ | प्रा. | इलेक्ट्रोनिक्स एण्ड टेलिकम्यूनिकेशन इन्जिनियरिङ्ग | - | ३ | खुला | ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रोनिक्स/ईलेक्ट्रोनिक्स एण्ड टेलिकम्यूनिकेशन ईन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण। |
| ६८/०७३/७४ | उप प्रबन्धक | ८ | प्रा. | इन्फरमेशन टेक्नोलोजी | - | १ | महिला | १ | मान्यताप्राप्त शिक्षण संस्थाबाट सूचना प्रविधि (IT) वा MIS विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण। |
| ६९/०७३/७४ | बरिष्ठ अधिकृत | ७ | प्रा. | एयर ट्राफिक सर्भिसेज् | | १० | खुला<br>महिला<br>आ.ज.<br>मधेशी<br>दलित | ६<br>१<br>१<br>१<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान वा सुचना प्रविधि (IT) वा व्यवस्थापन विषयमा स्नातक तह उत्तीर्ण र प्राधिकरणबाट मान्यता प्राप्त संस्थाबाट कम्तिमा छ महिना अवधिको आधारभूत एयर ट्राफिक सर्भिसेज तालीम प्राप्त। |
| ७०/०७३/७४ | बरिष्ठ अधिकृत | ७ | प्रा. | एभियशन फायर सर्भिसेस | | ४ | खुला<br>महिला | ३<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण र नागरिक उड्डयन सँग सम्बन्धीत संस्थाबाट जीवनोद्धार तथा विमानस्थल अग्नी निवारण सम्बन्धी आधारभूत तालीम प्राप्त र कम्तीमा एक महिनाको सम्बन्धित विषयको थप तालीम प्राप्त |
| ७१/०७३/७४ | बरिष्ठ अधिकृत | ७ | प्रा. | सिभिल इन्जिनियरिङ्ग | - | २ | महिला<br>आ.ज. | १<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल/ एयरपोर्ट इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण। |
| ७२/०७३/७४ | बरिष्ठ अधिकृत | ७ | प्रा. | इन्फरमेशन टेक्नोलोजी | - | २ | खुला<br>महिला | १<br>१ | मान्यताप्राप्त शिक्षण संस्थाबाट सूचना प्रविधि (IT) वा MIS विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण। |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७३/०७३/७४ | बरिष्ठ अधिकृत | ७ | प्रा. | मेकानिकल इन्जिनियरिङ्ग | - | १ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ७४/०७३/७४ | बरिष्ठ अधिकृत | ७ | प्रा. | इलेक्ट्रोनिक एण्ड टेलिकम्यूनिकेशन इन्जिनियरिङ्ग | - | २ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रोनिक्स/इलेक्ट्रोनिक्य एण्ड टेलिकम्युनिकेशन इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| | | | | | | | महिला | १ | |
| ७५/०७३/७४ | बरिष्ठ अधिकृत | ७ | प्र. | प्रशासन | व्यापार प्रशासन | २ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यापार प्रशासन वा वाणिज्यशास्त्र वा अर्थशास्त्र मूल विषय लिई स्नातकोत्तर तह उत्तीर्ण । |
| | | | | | | | महिला | १ | |
| ७६/०७३/७४ | अधिकृत | ६ | प्र. | प्रशासन | प्रशासन | ३ | खुला | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| | | | | | | | महिला | १ | |
| ७७/०७३/७४ | अधिकृत | ६ | प्र. | आर्थिक प्रशासन | लेखा | ३ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्यशास्त्र, अर्थशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| | | | | | | | महिला | २ | |
| ७८/०७३/७४ | अधिकृत | ६ | प्र. | आर्थिक प्रशासन | राजस्व | १ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्यशास्त्र, अर्थशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ७८/०७३/७४ | बरिष्ठ सहायक | ५ | प्रा. | एभिएशन फायर सर्भिसेज् | - | ४ | खुला | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण र नागरिक उड्डयनसंग सम्बन्धित संस्थाबाट जिवनोद्धार तथा विमानस्थल अग्नी निवारण सम्बन्धी आधारभूत तालीम प्राप्त । |
| | | | | | | | महिला | १ | |
| | | | | | | | आ.ज. | १ | |
| ७९/०७३/७४ | बरिष्ठ सहायक | ५ | प्रा. | सिभिल ईन्जिनियरिङ्ग | - | २ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| | | | | | | | महिला | १ | |
| ८०/०७३/७४ | बरिष्ठ सहायक | ५ | प्रा. | इलेक्ट्रोनिक्स एण्ड टेलिकम्यूनिकेशन इन्जिनियरिङ्ग | - | ४ | खुला | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रोनिक्स/इलेक्ट्रोनिक्स एण्ड टेलिकम्युनिकेशन इन्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| | | | | | | | महिला | १ | |
| | | | | | | | आज | १ | |
| ८१/०७३/७४ | बरिष्ठ सहायक | ५ | प्रा. | इलेक्ट्रिकल इन्जिनियरिङ्ग | - | ३ | खुला | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रिकल इन्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| | | | | | | | महिला | १ | |
| ८२/०७३/७४ | बरिष्ठ सहायक | ५ | प्र. | प्रशासन | प्र. | १ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| ८३/०७३/७४ | सहायक | ४ | प्रा. | एभिएसन फायर सर्भिसेस | | ११ | खुला | ६ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण र नागरिक उड्डयन सँग सम्बन्धित संस्थाबाट जीवनोद्धार तथा विमानस्थल अग्नी निवारण सम्बन्धी आधारभूत तालीम प्राप्त । |
| | | | | | | | महिला | २ | |
| | | | | | | | आ.ज | १ | |
| | | | | | | | मधेशी | १ | |
| | | | | | | | दलित | १ | |
| ८४/०७३/७४ | सहायक | ४ | प्रा. | इलेक्ट्रिकल इन्जिनियरिङ्ग | | १ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण र सम्बनिधत विषयको ६ महिनाको तालीम प्राप्त । |
| ८५/०७३/७४ | सहायक | ४ | प्र. | प्रशासन | प्रशासन | १ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण । |
| ८६/०७३/७४ | सहायक | ४ | प्र. | आर्थिक प्रशासन | लेखा | १ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण । |

१. दरखास्त दिने स्थानः नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालय, प्रशासन विभाग, बबरमहल, काठमाडौं ।

२. दस्तुरः दरखास्त फारम वापत रु १००।- (एक सय मात्र) र परीक्षा दस्तुर वापत तह तह १० को लागि रु.१०००।-, तह ९ को लागि रु.९००।-, तह ८ को लागि रु.८००।-, तह ७ को लागि रु.७००।-, तह ६ को लागि रु.६००।-, तह ५ को लागि रु.५००।- र तह ४ को लागि रु.४००।- । एक भन्दा बढी समावेशी समूहमा दरखास्त पेश गर्ने उम्मेदवारले प्रत्येक थप समूहको लागि ५०% थप दस्तुर समेत बुझाउनु पर्नेछ । समावेशी समूहमा मात्र दरखास्त पेश गर्ने उम्मेदवारले खुला सरहको दस्तुर बुझाउनु पर्नेछ ।

३. दरखास्त फाराम सम्वन्धी विवरणः एन. एम. बी. बैंकको जुनसुकै कार्यालयमा रहेको यस प्राधिकरणको खाता नं.००१००००००९३१F मा आबेदनकर्ताको नाम स्पष्ट उल्लेख गरी उल्लेखित शुल्कहरु जम्मा गरेको सक्कल भौचर पेश गरी यस कार्यालयबाट दरखास्त फाराम प्राप्त गर्न सकिनेछ ।

४. परीक्षाको किसिम : लिखित तथा अन्तर्वार्ता ।

५. परीक्षा केन्द्रः लोक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

६. उमेरको हदः दरखास्त दिने अन्तिम मितिसम्म सहायक स्तरको लागि १८ वर्ष र अधिकृत स्तरको लागि २१ वर्ष उमेर पूरा भै पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ । प्राधिकरण सेवाका स्थायी वहालवाला कर्मचारीको हकमा उमेर हद लाग्ने छैन ।

७. काम गर्नु पर्ने स्थानः प्राधिकरण प्रधान कार्यालय र अर्न्तगतका कार्यालयहरु ।

८. तलब सुविधाः प्राधिकरणको नियमानुसार ।

**द्रस्टव्य**

१. आबेदन फारामसाथ नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्र, लब्धाङ्क पत्र वा ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र (उमेर खुलेको), तालीमको प्रमाणपत्रका प्रतिलिपिहरु आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

२. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालीम, अनुभव तथा नोकरी अवधिको प्रयोजनको लागि गणना गरिने छैन ।

३. बिदेशी विश्वविद्यालय वा बोर्डवाट उत्तीर्ण भै शैक्षिक योग्यता प्राप्त गर्ने उम्मेदवारले त्रिभुवन विश्वविद्यालय वा नेपालका अन्य विश्व विद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाण संलग्न गर्नुपर्नेछ ।

४. तोकिएका प्रक्रियाहरु पूरा नभएका दरखास्त फाराम जुनसुकै बेला पनि रद्द गरिनेछ । यसरी रद्द हुन गएका दरखास्तहरुको फाराम दस्तुर र परीक्षा दस्तुर फिर्ता गर्न प्राधिकरण बाध्य हुनेछैन ।

५. लिखित परीक्षाको मिति पछि तोकिने छ ।

६. ने.ना.उ.प्रा. कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्वन्धी नियमावली, २०५६ को नियम ३.६ को उपनियम (२) बमोजिम अधिकृत स्तरमा प्रशासन सेवा तर्फ सातौं तहको र प्रशासन तथा प्राविधिक सेवा तर्फको आठौं, नवौं र दशौं तहको लागि खुल्ला प्रतियोगिताद्वारा नियुक्ति गर्दा अनुसूचि-६ मा तोकिए बमोजिमको शैक्षिक योग्यताको अलावा नेपाल सरकार वा नेपाल सरकारबाट मान्यता प्राप्त संघ, संस्थामा अधिकृत कर्मचारीको हैसियतले क्रमशः सातौं तहको लागि ५ वर्ष, आठौं तहको लागि ६ वर्ष र नवौं र दशौं तहको लागि ७ वर्ष सेवा अवधि पूरा गरेको आधिकारिक कागजात पेश गर्नु पर्नेछ र त्यस्ता उम्मेदवारहरुको उमेर ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

७. यस सम्बन्धमा थप जानकारी चाहिएमा प्राधिकरण प्रधान कार्यालयको प्रशासन विभागमा बुझ्न सकिनेछ ।

**समावेशी तर्फका उम्मेदवारहरुले पेश गर्नुपर्ने थप कागजातहरु :-**

क. आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचनाको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर हो भनी प्रमाणित गरेको प्रमाणपत्रको प्रतिलिपि दरखास्त साथ पेश गर्नु पर्नेछ ।

ख. मधेशीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमकै संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोके सम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात दरखास्त साथ पेश गर्नु पर्नेछ ।

ग. दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर हो भनी प्रमाणित गराएको कागजात दरखास्त साथ पेश गर्नु पर्नेछ ।